नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

☎०७५-५२२२११

चण्डी प्रसाद गण,
नागपोखरी ब्यारेक, पाल्पा ।

प.सं.११९०१/एका/१६/०७३/७४/१५

मिति:२०७३/९/१५ गते ।

श्री युनाईटेड ट्रेड लिंक सेन्टर,
भरतपुर, चितवन ।

**बोलपत्र मूल्याङ्कन भएको आशय पत्र सम्बन्धमा**

१. सम्बन्धः मेसेज एल.बि./८२१९ अफ २००८०९, मिति २०७३/०९/१९ गते ।

२. श्री नं.२२ बाहिनी अड्डाको उपरोक्त सम्बन्ध मेसेजानुसार यस पाल्पा जिल्लामा तैनाथ नेपाली सेनाको लागि आ.ब.०७३/७४ अर्थात २०७३ साल माघ १ गतेदेखी २०७४ साल पौष मसान्तसम्मको लागि बार्षिक आवश्यक पर्ने साधारण राशन आपूर्ति गर्न सार्वजनिक खरीद ऐन २०६३ को दफा १४ बमोजिम श्री राशन ईन्धन र परिवहन महाशाखाबाट मिति २०७३/६/२० गते शिलवन्दी वा विद्युतिय बोलपत्र (E-Bidding) आव्हानको सूचना "गोरखापत्र" मा प्रकाशित भए अनुसार उक्त सूचनाको आधारमा यस गणले समेत सूचना प्रकाशित गरेको । बोलपत्र सम्बन्धि कागजात तयार गरी सूचना तथा बोलपत्रमा तोकिए बमोजिमको स्थानहरुबाट विक्रिको लागि व्यवस्था गरिएको । यस गणबाट बोलपत्र शिलवन्दी थान ६ (छ) विक्रि भई विक्रि भएको सम्पूर्ण ६ वटै बोलपत्र दर्ता भएको । दर्ता भएको सम्पूर्ण बोलपत्रहरु मिति २०७३/७/२३ गतेको १३०० बजे यस गणमा गठित राशन ठेक्का खोलुवा समिति समक्ष पेश भई ऐ.मितिको १६३० बजे खोलुवा कार्य गर्दा श्री युनाईटेड ट्रेड लिंक सेन्टर, भरतपुर, चितवन (प्रो. बिष्णु प्रसाद अधिकारी) ले कबोल गरेको प्रति व्यक्ति प्रति दिनको रु.१२०।३५९ का दरले बार्षिक मु.अ.कर बाहेक हुने रकम रु.३,५९,७९,५१७।६५ (अक्षरेपि तीन करोड उन्नसाठ्ठी लाख उनान्असी हजार पांच सय सत्र र पैसा छैसठ्ठी पांच) र मु.क.कर रु.४६,७७,३३७।२९६ सहित जम्मा बार्षिक कबोल अंक रु.४,०६,५६,८५४।९६१ (अक्षरेपि चार करोड छ लाख छपन्न हजार आठ सय चौवन्न र पैसा छयानब्बे एक) कायम भएको बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था बमोजिम त्यस फर्मको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

(दीर्घ बहादुर चन्द)
प्रमुख सेनानी,
गणपति

**बोधार्थ:**

श्री राशन, ईन्धन र परिवहन महाशाखा, जंगी अड्डा ।
श्री पश्चिम पृतना हे.क्वा., बिजयपुर व्यारेक, पोखरा ।
श्री नं.२२ बाहिनी अड्डा, रामनगर व्यारेक, बुटवल ।
श्री आर आर स्टोर्स, तानसेन, पाल्पा ।
श्री पवन ईम्पोरियम एण्ड सप्लायर्स प्रा.लि., घोराही, दाङ्ग ।
श्री सदाज्योती सप्लायर्स, धादिङ्ग ।
श्री जोशी ब्रदर्श, काठमाण्डौ ।
श्री बुद्धपिया हनुमान सप्लायर्स प्रा.लि., काठमाण्डौ ।